# नदी नियन्त्रणको काम खण्ड खण्डमा

भक्तिविलास पोखरेल

*गाईघाट, जेठ ३१ गते*

उदयपुरको त्रियुगा नदी नियन्त्रणका लागि सरकारले अत्यन्तै कम बजेट विनियोजन गर्न थालेपछि तार जालीसहितको तटबाँध निर्माणले गति लिन सकेको छैन। विकराल समस्याका रूपमा रहेको त्रियुगा नदी नियन्त्रणको काममा रकम अभाव हुँदै जाँदा यसअघि नै सम्पन्न भइसक्नुपर्ने नदी नियन्त्रणसम्बन्धी गर्नुपर्ने सबै काम पूरा हुन सकेको छैन।

सदरमुकाम गाईघाट हुँदै उदयपुरको त्रियुगा, चौदण्डीगढी, बेलका र सप्तरीको सप्तकोशी नगरपालिकाको उत्तरपूर्व क्षेत्र भएर सप्तकोशीसम्म जोडिएको झन्डै एक सय किलोमिटर लामो त्रियुगा नदी नियन्त्रण गर्न नेपाल सरकारले छुट्टै गुरुयोजना बनाएर क्रमागत रूपमा बजेट विनियोजन गर्ने गरी २०७९ सालबाट नदी नियन्त्रणको काम सुरु गरेको हो।

छ वर्षभित्रमा नदीको दुवै किनारको गरी एक सय किलोमिटर लामो तटबाँध निर्माण सम्पन्न गर्न आठ अर्ब १५ करोड रुपियाँको लागत अनुमानसहितको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत भएको छ। निर्माणाधीन यस आयोजनामा सरकारले बजेटको उचित व्यवस्था नगरेपछि तटबाँध निर्माण द्रुत गतिमा अगाडि बढाउन नसकिएको सिँचाइ तथा जलस्रोत व्यवस्थापन कार्यालय विराटनगरका प्रमुख राजेन्द्र देवले बताउनुभयो।

कार्यालय प्रमुख देवका अनुसार हाल उदयपुरको त्रियुगा, चौदण्डीगढी, बेलका र सप्तरीको सप्तकोशी नगरपालिकाको विभिन्न क्षेत्रमा गरी एक हजार छ सय मिटर लामो तटबाँध निर्माण भइरहेको छ। फरक फरक स्थानमा विभिन्न निर्माण कम्पनीले सात करोड ९८ लाख ४१ हजार ७४४ रुपियाँमा कार्यालयसँग ठेक्का सम्झौता गरी बर्सातको समयअगावै निर्माण सम्पन्न गर्ने गरी धमाधम काग गरिरहेको उहाँले बताउनुभयो।



*तस्बिर : भक्तिविलास पोखरेल*

**त्रियुगा नगरपालिका-२ स्थित पोर्ताहा क्षेत्रमा त्रियुगा नदी नियन्त्रणका लागि तटबाँध निर्माण गर्दै।**

चौदण्डीगढी नगरपालिका-५ को सुन्दरपुर र त्रियुगा नगरपालिका-१३ को पोर्ताहामा एक करोड ९३ लाख ७९ हजार ६८७ रुपियाँमा बपिएल एसी जेभी निर्माण कम्पनीले ३५० मिटर लामो तटबाँध निर्माणको गरेको छ। पिके निर्माण सेवाले चौदण्डीकै वडा नं. ९ स्थित ज्यामिरे क्षेत्रमा ९० लाख ४६ हजार ९०५ रुपियाँको ठेक्कामा २१० मिटर लामो तटबाँध बनाएको छ। सप्तरीको सप्तकोशी नगरपालिका-६, बोचाही क्षेत्रमा ११४ मिटर, उदयपुरको बेलका नगरपालिका-३, गिदेरीखोला क्षेत्रमा १०२ मिटर, त्रियुगा नगरपालिका-१२ को बोटेटोल र वडा नं. १३ को पोर्ताहामा गरी ३४८ मिटर तटबाँध निर्माण भइरहेको छ।

चौदण्डीगढी नगरपालिका र त्रियुगा नगरपालिकाको सिमानास्थित शिवनगर पश्चिममा १३५ मिटर, चौदण्डीगढीकै वडा नं. ५ सुन्दरपुर क्षेत्रमा १८० मिटर तथा त्रियुगा नगरपालिका-२, मोथियाही क्षेत्रमा २१० मिटर तटबाँध निर्माण धमाधम भइरहेको कार्यालय प्रमुख देवले बताउनुभयो।

बाढीबाट हुन सक्ने सम्भावित क्षतिलाई तत्काल रोकथामको आकस्मिक काम पनि गर्नुपर्ने र उदयपुर जिल्लामा जल उत्पन्न प्रकोपको जोखिम अत्यधिक बढ्दो क्रममा रहेकाले कुनै पनि बेला अकस्मात ठुलो जनधन तथा कृषियोग्य जमिनको कटान हुन सक्ने खतरा रहेको उहाँको भनाइ छ। पर्याप्त बजेटको अभावमा स्वीकृत डिपिआर अनुरूप संरचना निर्माण तथा नदी नियन्त्रणसम्बन्धी सबै काम द्रुत गतिमा अगाडि बढाउन स्थानीयस्तरमा धेरै चुनौतीपूर्ण रहेको उहाँ बताउनुहुन्छ।

स्वीकृत डिपिआर अनुसार हालसम्म १९ मिटर बेसमा साढे तीन मिटर उचाइ र माथिको भाग पाँच मिटर चौडाइ रहेको दुवै तर्फ गरी करिब २३ किलोमिटर लामो बाँध बनाएर एकातर्फ छ मिटरको स्लोभमा तार जाली लगाउने र अर्कोपट्टि मलिलो माटो बिछ्याएर चपरी लगाउने काम सम्पन्न भएको र चालु यस आवमा थप एक हजार छ सय मिटर सोही प्रकृतिको तटबाँध निर्माण सम्पन्न हुने देवले बताउनुभयो।

६५ किलोमिटर तटबाँध बनाउन अझै बाँकी रहेकाले राष्ट्रिय गौरवको यो योजनालाई निरन्तरता दिन नसकिए अघिल्ला वर्षदेखि हालसम्म निर्माण भएका बाँधको पनि अस्तित्व सङ्कटमा पर्न सक्छ। नदीको दुवैतर्फ बाँध निर्माण सम्पन्न भएपछि भने बगरमा परिणत भएको करिब १२ सय हेक्टर खेतीयोग्य जमिन उकास हुने र उक्त जग्गामा १० हजार घरधुरीका करिब ५० हजार जनसङ्ख्या प्रत्यक्ष लाभान्वित हुने उहाँले बताउनुभयो।

त्रियुगा नगरपालिकाको होक्से कालीखोलादेखि सप्तकोशीसम्म करिब ५० किलोमिटर लामो यस त्रियुगा नदीको एक हजार तीन सय वर्ग किलोमिटर जल बहाव क्षेत्र रहेको छ। प्रतिसेकेन्ड ३५ लाख लिटर पानीको बहाव रहेको तथा चुरे र महाभारत पहाडमा मुहान भएका यसका २५ वटा अरू सहायक खोला खहरे रहेका छन्। ती सबै २५ वटा सहायक खोला तथा खहरेमा पनि नदी किनार स्थिरीकरण गर्न अत्यावश्यक रहेको देवले बताउनुभयो।

छ वर्षमा आठ अर्ब १५ करोड खर्च हुने गरी निर्माण गरिएको यो आयोजनाका लागि कम्तीमा पनि वार्षिक एक अर्ब ५० करोडको अनुपातमा बजेट विनियोजन हुनुपर्नेमा त्यसो हुन सकेको छैन।